# गाँजाको लाइसेन्सको सूचना

गाँजा निकासीबारे सरकारतर्फबाट प्रतिबन्ध लगाइएको छ तापनि बराबर चोरीबाट गाँजा भारततर्फ निकासी भइरहेकोले सरकारलाई भन्सार महसूल पनि नआउने र भारत सरकारबाट पनि बराबर यस चोरी निकासी बन्द गर्नेबारे लेखी आइरहेकोले हाल ष्टक रहिरहेका गाँजा एजेन्टद्वारा भारतसरकारलाई स्वीकृत मूल्यमा बिक्री गर्न दिएमा भारतबाट चोरी बिक्रीको उजूरी पनि नआउने र एजेण्ट-द्वारा निकासी गराउँदा सरकारको भन्सार रकम पनि राम्रो तवरले उपर भई नोक्सान-समेत नहुने हुनाले इलाका हेरी ती इलाकाका एजेन्सी दरखास्तवालाहरू मध्येबाट हैसियत हेरी लाइसेन्स दिने उचित सम्झी यस मन्त्रालयबाट २९।१०।०८। मा.गृ.प्र.वि.नं गँ।९।०८ मा नेपाली गाँजा कसकसले बेच्न चाहन्छन्, मूल्य किटी नमूनासहित यस मन्त्रालयमा पेश गर्नू भनी सूचना प्रकाश गरेकोमा निम्न लिखित व्यक्तिहरूले मात्र सोबमोजिम गरी नमूना पेश गरेका हुनाले निजहरुको नमूना र मूल्य भारतसरकारबाट स्वीकृति भएमा निजहरूले मागेबमोजिमको जिल्लाहरूमा निकासी गर्ने एजेन्सी दिइएको छ।

(क) सु.श्रीडिल्लीजङ ठमेललाई बुटौल जिल्लाहरू,

(ख) श्रीपुष्परत्न महाबौद्धलाई बुटौलका जिल्लाहरू,

[ग] श्रीजवाहरकृष्ण केलटोललाई कान्तिपुर उपत्यकाञ्चल।

उपरोक्त इलाकाका निमित्त अरू कसैको दरखास्त नपरेको हुनाले मागेबमोजिमको लाइसेन्स दिइएको हो। अब अरुलाई यो साललाई यी उक्त तीन इलाकालाई अरू एजेन्सी मिल्नेछैन। तर अरू यीबाहेकका इलाकाहरूबाट अरू कसैको यस

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८१

मन्त्रालयको उक्त पहिले २६।१०।०८ मितिको सूचनाबमोजिम गरी निकासी गर्ने इच्छा गर्दछन् भने फेरि यो चैत्र मसान्तसम्मलाई लाइसेन्सको दरखास्त दिने म्याद थप गरी यो सूचना प्रकाशित गरिएको छ।

## खाद्य तथा भूमि—व्यवस्थामन्त्रालयको विज्ञप्ति

लालमोहर सनदपत्र भएको र सरकारी अड्डामा दर्ता भइरहेका समेत दुनियाँ गुठी तिरुवा माफी ठेक्का छाप माना चामल बेख भरोठ फिकदार भत्ता पेटिया चौधराई राज्य बिर्ता र बिर्ता भनी खाइआएको समेत इत्यादि भएभरको नेपाल चारभन्ज्याङभित्रकोले बिर्ता खारीजी बन्दोबस्त अड्डामा ३५ दिनभित्र दरखास्त गर्नू भन्ने इस्तिहार जारी भएकोमा कुनै कुनैले दरखास्त दिनासाथै बिर्ता खारेज हुन्छ भन्ने भानको हल्ला उठाइदिएको छ भन्ने ज्ञात भएकोले हचुवा किसिमबाट बिर्ता खारेज हुने होइन। कुन कुन किसिमको बिर्ता के कति रहेछ, कुन किसिमबाट उपभोग गरी आएको छ, आयस्ता के कति छ? सबै विषयको तथ्याङ्क संकलन गरी छलफल भई तिथि निर्धारण र निर्णय हुने हुनाले त्यस्तो हल्लामा नलागी इस्तिहारबमोजिम दरखास्त गर्नुपर्छ भन्ने विज्ञप्तिसमेत प्रकाश भएकोमा पनि धेरैंजसोको दरखास्त पर्न नआएको बेहोरा बि.खा. ब. अ. मार्फत जाहेर हुन आएको र लेखिएको इस्तिहार जारी भएकोमा पनि काठमाडौं, कीर्तिपुर, ल. पु., भ. पु. मा समेत एउटै मिति नभई अघिपछि इस्तिहार जारी भएकोबाट चारभन्ज्याङभित्र पनि एकै मिति कायम नभई पृथक् पृथक् मितिमा इस्तिहार जारी भएकाबाट दरखास्त गर्नेलाई दुविधा परेको समेत बुझिनाले अब एक पटक चारभन्ज्याङभित्र माल इलाकालाई ०९ साल वैशाख मसान्तसम्मको

969-13

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

म्याद् कायम गरिदिएको छ। सो म्याद् नाघ्यो भने यस्तै अघि बिर्ता बारेमा म्याद नघाई दरखास्त दिनेलाई जरिवाना गरी दरखास्त लिने चल भएकाले अब सो म्यादभित्र नल्याई म्याद् नघाई दरखास्त दिन ल्याएमा ०६ साल ज्येष्ठ मसान्तसंमलाई उठ्ति जम्माको सयकडा १ एक, ०६ साल श्रावण मसान्तसंमलाई सयकडा २ दुइ र ०६ माल कार्तिक मसान्तसंम ल्याउनेलाई सयकडा १० दश रुपैयाँका दरले जरिवाना हुनेछ। सो म्यादसंममा पनि दरखास्त नदिनेलाई आदेशबमोजिम हुनेछ। पछि उजूर लाग्नेछैन।

सेक्रटरी,

खाद्य तथा भूमि—व्यवस्थामन्त्रालय.

श्री
सरदार
विष्णु प्र... जोशी
अफिसर ...
२००८

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।